आज मिति २०८० साल जेठ महिनाको १४ गते आइतवारका दिन यस बेसिशहर नगरपालिकाका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिकाको विभिन्न विषयमा नगर कार्यपालिकाको "विसौं" बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :-

१, नगर प्रमुख श्री गुमान सिंह अर्याल
२, उप-प्रमुख श्री पद्मा गुरुङ
अनुपस्थित ३, प्र.प्र. अधिकृत श्री इमनाथ कंडेल
४, वडा अध्यक्ष (१) श्री दुर्गा बहादुर बुढाथोकी
५, —"— (२) श्री मदन बहादुर राना
६, —"— (३) श्री चित्र बहादुर दर्नाई
७, —"— (४) श्री गम बहादुर गुरुङ
८, —"— (५) श्री इन्द्र बहादुर गुरुङ
९, —"— (६) श्री प्रकाश थापा
१०, —"— (७) श्री ऋषिराम बस्नेत
११, —"— (८) श्री पवित्रा थापा राना
१२, —"— (९) श्री खुशी जङ गुरुङ
१३, —"— (१०) श्री गंगा बहादुर थापा
१४, —"— (११) श्री शिव प्रसाद जोशी
१५, कार्यपालिका सदस्य श्री हिरालाल विश्वकर्मा
१६, —"— श्री श्रीनाथ दुलाल
१७, —"— श्री कल्पना थापा बोहरा
१८, —"— श्री बिमला त्यौपाने अधिकारी
१९, —"— श्री सुक माया गुरुङ
२०, —"— श्री सुक माया घर्ति
२१, —"— श्री मनिता परियार

सहजकर्ता कर्मचारी

२२, उप-सचिव श्री किसानराज चिलुवाल
२३, कार्यक्रम अधिकृत श्री मैघेन्द्र पोखरेल
२४, प्रशासन अधिकृत श्री गोविन्द बहादुर राउत

गुमान सिंह अर्याल
नगर प्रमुख

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०८० जेठ १४ गतेको बैठकका प्रस्तावहरु***

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा ।
२. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकका निर्णयहरुको सम्बन्धमा ।
  - आगामी आ.व. २०८०।०८१ को आय अनुमान सम्बन्धमा ।
  - बजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा ।
  - क्षेत्रगत बजेट विनियोजन सम्बन्धमा ।
  - वडागत बजेट सिलिङ सम्बन्धमा ।
३. लागत साझेदारीमा सडक कालोपत्रेतर्फका योजनाहरु सम्बन्धमा । (गत बैठकको निर्णय संशोधन)
४. वडास्तरीय योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।
५. स्वास्थ्यतर्फका कार्यक्रमहरुको सम्बन्धमा ।
६. शिक्षातर्फको कार्यक्रम सम्बन्धमा ।
७. प्रारम्भिक वातावरणीय परीक्षणको सम्बन्धमा ।
८. विविध
  - योजना तर्जुमाको सम्बन्धमा आयोजित बैठकहरुको सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०८० जेठ १ गते सम्पन्न नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाबारे यस कार्यपालिका बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २ : श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकका निर्णयहरुको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आगामी आर्थिक बर्ष २०८०।०८१ को बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा मिति २०८०।०२।१४ विहान बसेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकले गरेका आगामी आ.व. २०८०।०८१ को आय अनुमान, बजेटका सिद्धान्त र प्राथमिकता, क्षेत्रगत बजेट विनियोजन, वडागत बजेट सिलिङ र योजना छनौटका मापदण्ड सम्बन्धी निर्णयहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई उक्त निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : लागत साझेदारीमा सडक कालोपत्रेतर्फका योजनाहरु सम्बन्धमा ।**

नगरपालिकाको ६० र स्थानीय उपभोक्ताको ४० प्रतिशत लागत साझेदारीमा चालु आव २०७९।८० को सडक ढलान तथा कालोपत्रेतर्फका आयोजनाको सम्बन्धमा मिति २०७९ माघ २६ गतेको निर्णयमा लागत



गुमान सिंह अर्याल
नगर प्रमुख

इष्टिमेटमा नगरपालिकाले व्यहोर्ने रकम पर्न गई भएको त्रुटीलाई समेत संशोधन गरी देहायका आयोजनाहरुमा देहाय अनुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

**छनौट भएका आयोजनाहरु**

| क सं | आयोजनाको नाम | वडा नं | कुल लागत इष्टिमेट | विनियोजित रकम (कन्टिन्जेन्सी समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | बेसीशहर चामे सडक शाखा स्तरोन्नति | ७ | १३,०१,८४५ | ७,८८,८०३ | |
| २ | शान्तिमार्ग ढलान (लिल बहादुरको घर अगाडिदेखि सुमित्रा भण्डारीको घर सम्म) | ७ | ७,१९,८२७ | ४,३६,१५१ | |
| ३ | वाणिज्य मार्ग सडक कालोपत्रे ढलान | ७ | २६,९३,५४७ | १६,३२,०५० | |
| | **कुल जम्मा** | | ४७,१५,२१९ | २८,५७,००४ | |

**<u>निर्णय नं. ४ : योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।</u>**

चालु आ.व. २०७९।८० मा कार्यान्वयनको लागि छनौट भएका देहाय वमोजिमका आयोजना तथा कार्यक्रमहरु देहाय वमोजिम संशोधन/ब्रेक डाउन गर्ने निर्णय गरियो ।

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट रु | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १.फुटकर योजना तथा कार्यक्रम, बेनपा १ | ३००००० | ३.१ दिपक बराल स्वाथ्य उपचार सहयोग, बेनपा १ | ५००० |
| | | ३.२ काम्लेक्यु हुँदै भ्यू टावर जाने मोटरबाटो सरसफाई, बेनपा १ | १४००० |
| | | ३.३ आँपखोला पहिरो नियन्त्रण, बेनपा १ | १२५०० |
| | | ३.४ कुँडुलेखोला पहिरो नियन्त्रण, बेनपा १ | १२००० |
| | | ३.५ साठीमुरे कुलो सरसफाई, बेनपा १ | १६००० |
| | | ३.६ बालाको घरमुनि पहिरो नियन्त्रण, बेनपा १ | १५००० |
| | | ३.७ छाप्रादेखि गुरुङ चिहान जाने बाटो सरसफाई, बेनपा १ | ११५०० |
| | | ३.८ खोलाखेत कुलो सरसफाई, बेनपा १ | १५००० |
| २.फुटकर योजना तथा कार्यक्रम, बेनपा ३ | २९५००० | २. मेयरकप फुटबल प्रतियोगिताका खेलाडीहरुको लागि सामाग्री खरिद तथा खाना खाजा व्यवस्थापन, बेनपा ३ | १००००० |



गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०२/१४ को बैठक

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट रु | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| ३.फुटकर योजना तथा कार्यक्रम, बेनपा ४ | ६१४००० | ३.१ बाह्रपोले झगरिया मोटरबाटो स्तरोन्नति, बेनपा ४<br>३.२ पाल्लेगरा भित्री मोटरबाटो निर्माण, बेनपा ४<br>३.३ टारी खानेपानी ट्याङ्की मर्मत, बेनपा ४<br>३.४ घरेटीडाँडा पिर्सिङ मोटरबाटो स्तरोन्नति, बेनपा ४<br>३.५ प्रोजेक्टर खदिर, बेनपा ४ | १२१०००<br>९००००<br>२००००<br>७५०००<br>२३००० |
| ४.पुरानोकोट खेलमैदान निर्माण, बेनपा ४ | ५००००० | ४.डाँडागाउँ गढी सडक स्तरोन्नति, बेनपा ४ | ५००००० |
| ५.पुरानोकोट स्वास्थ्य चौकी सामाग्री खरिद , बेनपा ४ | १००००० | ५, प्रोजेक्टर खरिद, बेनपा ४ | २८००० |
| ६.सिमलगैरी टोल खानेपानी योजना, बेनपा ४ (नगरस्तरीय) | ३००००० | ६.सिमलगैरी सडक स्तरोन्नति, बेनपा ४ | |
| ७. फुटकर योजना तथा कार्यक्रम, बेनपा ९ | ४००००० | ७.मेयरकप खेलकुँद सामाग्री खरिद तथा खाजा खाना व्यवस्थापन, बेनपा ९ | ४२९६० |
| ८. बलराम अधिकारीको घरबाट हरि पौडेलको घरसम्म अधुरो स्ल्याब निर्माण, बेनपा ८ | १००००० | ८.गाउँशहर जाने बाटो निर्माण, बेनपा ८, (सेरामुनि मजुवा खोला फलामे पुलसम्म) | १००००० |
| ९.हरि विकको घर अगाडिको बाटो स्तरोन्नति, बेनपा ८ सेरा ( २०७९।१०।२६ को कापा बैठक नि नं ५) | १००००० | ९.दिक्षितको घरदेखि हरित सडक जाने सडकको अधुरो नाली निर्माण, बेनपा ८ | १००००० |
| १०.शैक्षिक गुणस्तर सहयोग कार्यक्रम, बेनपा २ | २००००० | २. छात्रबृत्ति वितरण कार्यक्रम, बेनपा २<br>(क) बालकल्याण मावि भकुण्डे,<br>ख)कालिका मिलन मावि, चिसापानी<br>ग) बाल विद्याश्रम प्रावि, नरुवल | <br>७५०००<br>५००००<br>७५००० |

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०२/१४ को बैठक

गुणराज सिंह अर्याल
नगर प्रमुख

**निर्णय नं. ५ : स्वास्थ्यतर्फका कार्यक्रमहरुको सम्बन्धमा ।**

चालु आ.व.२०७९।८० को स्वास्थ्य तथा पोषणतर्फ स्वीकृत कार्यक्रमहरुमध्ये देहाय अनुसार संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

| साविक कार्यक्रम | विनियोजित बजेट रु | संशोधित कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १ जिल्ला अस्पतालसंग जनस्वास्थ्यको सेवामा समन्वय र साझेदारी (नपास्तरीय, क्रस ६९) | ३००००० | १.महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई झोला छाता खरिद र वितरण | २५०००० |
| २.आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद (सशर्ततर्फ) | १६७५ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद (यस अघि इविडिङद्वारा औषधी खरिद गरिएको दर रेटमा खरिद गर्ने गरी) | ७००००० |
| ३.आधारभूत स्वास्थ्य सेवा नपास्तरीय (क्र सं ६०) | १४०० | ३.सर्जिकल सामाग्री खरिद (स्वास्थ्य संस्थाहरुको लागि) | ४९०००० |
| ४. दिर्घरोगीहरुको मासिक उपचार खर्चको लागि नगरपालिकाबाट शोधभर्ना लिने गरी विनियोजन गरेको शिर्षकबाट ०७९ फागुनदेखि ०८० बैशाखसम्मको उपचार खर्च उपलब्ध गराउने र २०८० असारसम्मको शोधभर्ना माग गर्ने । साथै वडा कार्यालयहरुले दिर्घरोगीहरुको विवरण ३।३ महिनामा अद्यावधिक गरी पठाउने । | | | |
| ५.प्रदेशतर्फको सुत्केरी पोषण भत्ताको लागि तोकिएको अवधी भित्र माग गरिसक्ने । | | | |

**निर्णय नं. ६ : शिक्षातर्फको कार्यक्रम सम्बन्धमा ।**

नगरपालिका भित्रका ७ वटा विद्यालयहरुमा साविकदेखि कार्यरत ७ जना नीजि शिक्षकहरुलाई २०८० असार मसान्तसम्म निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ७ : प्रारम्भिक वातावरणीय परीक्षणको सम्बन्धमा ।**

बेसीशहर नगरपालिका क्षेत्रभित्र रहेका खोला तथा नदीहरुमा नदीजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा आदि) उत्खनन्, संकलन तथा विक्री कार्य गर्नको लागि गरिने प्रारम्भिक वातावरणीय परीक्षण **(Initial Environmental Examination (IEE)** को पेश हुन आएको अन्तिम प्रतिवेदन प्याकेज १ र प्याकेज २ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ : योजना तर्जुमाको लागि आयोजित बैठकहरुको सम्बन्धमा ।**

बार्षिक योजना तर्जुमाको लागि आयोजित नगरपालिकामा हुने विभिन्न बैठक/गोष्ठीहरुमा सहभागीहरुलाई नियमानुसार बैठक भत्ता सभा सञ्चालन खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।



गुमान सिंह अर्याल
नगर प्रमुख